# वास्तुशास्त्रमा गृहारम्भ

सहप्रा. तनुजा दाहाल
वाल्मीकि विद्यापीठ, काठमाडौँ ।
tanuja.dahal036@gmail.com

https://doi.org/10.3126/gyandeep.v11i01.96619

**लेखसार**

पूर्वीय संस्कृतिमा मानव जीवनका चार आश्रममध्ये गृहस्थाश्रमलाई महत्त्वपूर्ण आश्रम मानिन्छ । गृहस्थाश्रमलाई सुखमय, रोगमुक्त, ऐश्वर्ययुक्त र शान्त बनाउने कल्याणकारी शास्त्रलाई वास्तुशास्त्र भनिन्छ । पृथ्वी, जल, तेज, वायु र आकाश यी पाँच तत्त्वको सन्तुलन र प्राकृतिक ऊर्जाको समूचित प्रयोग नै वास्तुशास्त्रको मूल सिद्धान्त हो । मानवद्वारा निर्माण गरिने भवन, देवालय, बगैँचा, पोखरी, कुवा, तलाउ, पशुशाला, प्रतिष्ठा आदि वास्तुशास्त्रका क्षेत्रहरू भए तापनि प्रस्तुत लेख वास्तुशास्त्रअन्तर्गतको गृहनिर्माणका प्रारम्भिक प्रक्रियाहरूका सैद्धान्तिक र व्यावहारिक पक्षसँग सम्बन्धित छ । यिनै विषयहरूलाई शोधसमस्या मान्दै गृहनिर्माणको आवश्यकता, घरमा पञ्चतत्त्वको सन्तुलनको आवश्यकता, भूमिको छनौटसम्बन्धी आधारहरू, भूमि परीक्षणको विधि, वास्तुमुहूर्त र प्रभावका विषयमा शास्त्रीय अवधारणाहरूलाई प्रस्तुत गर्ने उद्देश्य राखिएको छ । यसमा आधुनिक विज्ञानले वास्तुशास्त्रका सिद्धान्तलाई स्वीकार गर्नुको कारण र वास्तुमुहूर्तले गृह स्वामीलाई पार्ने शुभाशुभ प्रभावलाई निगमनात्मक विधिका माध्यमद्वारा विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जीः* उत्खनन्, परीक्षण, शकुन, शिलान्यास, शोधन ।

## विषयपरिचय

पाणिनीव्याकरणमा निवास अर्थ दिने वस् धातुमा "वसेस्तुन् णिच्च" सूत्रद्वारा तुन्-प्रत्यय लागेर अनुबन्धलोप भई वस्तु शब्द बन्दछ । वस्तु शब्दमा णिच्-प्रत्यय लागेर आदि अच्को वृद्धि भई णिच् पदको लोप हुँदा वास्तु शब्द बन्दछ । वस्तुको ज्ञान गराउने शास्त्रलाई नै वास्तुशास्त्र भनिन्छ । वास्तुर्वसतेर्निवासकर्मणः अर्थात् वास्तु शब्दले वासयोग्य स्थानको अस्तित्वलाई बुझाउँछ । देवता, राक्षस, जनावर, चरा, किरा आदिको वासयोग्य भूमिलाई नै वास्तु भनिन्छ । वास्तु शास्त्रलाई विश्वकर्मा शास्त्र, वास्तुकलाको विज्ञान र स्थापत्य-वेद पनि भनिन्छ । मत्स्यपुराणका "भृगुरत्रिर्वसिष्ठश्च…." श्लोकमा भृगु, अत्रि, वरिष्ठ, विश्वकर्मा, मय, नारद, अनग्नजित, विशालाक्ष, इन्द्र, ब्रह्मा, कार्तिकेय, नन्दीश, शौनक, गर्ग, श्रीकृष्ण, अनिरुद्र, शुक्र, र बृहस्पति यी अठार दिव्यद्रष्टा महापुरुषहरू वास्तुशास्त्रका प्रवर्तक मानिएको छ (मत्स्यपुराण श्लो. १, २, ३, ४ अ. २५२) ।

पूर्वीय वाङ्मयको आदि ग्रन्थ वेदका षड्अङ्गहरू शिक्षा, कल्प, व्याकरण, ज्योतिष छन्द र निरूक्तहरूमध्ये ज्योतिषशास्त्र चक्षुरूप मानिन्छ । सामान्यतया, वेदहरूको मुख्य उद्देश्य यज्ञहरू गर्नु हो । यज्ञादि कार्यका निम्ति शुभाशुभ मुहूर्तको निर्धारण गर्न ज्योतिषशास्त्रको रचना भएको मानिन्छ । स्थापत्यवेद अथर्ववेदको उपवेद हो । यसमा वस्तु तथा वास्तुशास्त्रको विशाल भण्डारको वर्णन गरिएको छ । वास्तुशास्त्रलाई ज्योतिषशास्त्रको संहितास्कन्धअन्तर्गत अध्ययन गरिन्छ ।

वास्तुशास्त्रका प्रवर्तकहरूले ब्रह्माण्डको सृष्टि पञ्चतत्त्व मिलेर भएको र मानव शरीर पनि पञ्चतत्त्वले नै बनेको कुरालाई मान्यता दिएका छन् । पृथ्वी जल, तेज, वायु र आकाशको राम्रो समन्वय भए मात्र मानिस स्वस्थ रहन सक्दछ । यी तत्त्वहरूको असन्तुलनबाट नै मानिस वात, पित्त, कफ, ज्वर आदि रोगले ग्रस्त बन्दछ । त्यसैले भवन वा मानिस बस्ने स्थानमा पनि यी पाँचतत्त्वहरूको राम्रो समन्वय, सन्तुलन र समुचित प्रयोग हुनु आवश्यक छ भन्ने मान्यता वास्तुशास्त्रको देखिन्छ । यिनै तत्त्वहरूको सन्तुलन र समन्यवलाई ध्यानमा राखेर ऋषिहरूले वास्तुशास्त्रीय नीति र सिद्धान्तहरूको प्रतिपादन गरेका छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरूमा सूर्य र चन्द्रको प्रकाशद्वारा प्राप्त हुने ऊर्जा, वायुको सञ्चार, पृथ्वीको गुरुत्वाकर्षण शक्ति, चुम्बकीय दिशा, पानीको उपयोगिता आकाश वा शून्य स्थानको महत्त्व र योगदानको चर्चा वास्तुशास्त्रमा प्राचीन पद्धतिबाट गरिएको पाइन्छ तर आधुनिक विज्ञानले पनि यसलाई स्वीकार गरेको देखिँदैन। जस्तै शास्त्रहरूमा सूर्यलाई सप्ताश्व, सप्तरश्मि, सप्तहरित भन्ने गरेको पाइन्छ। हरितको अर्थ आदान हो। सप्तहरित, सप्ताश्वले सूर्यको किरणबाट सातवटा रङ्गहरू प्रकाशित हुन्छन् वा सूर्यको रथमा सातवटा घोडा हुन्छन् भन्ने मान्यता पाइन्छ। आधुनिक विज्ञानले पनि सूर्यको बिम्बबाट सातवटा रङ्ग प्रकाशित हुन्छन भनी प्रमाणित गरिसकेको छ। वास्तुशास्त्रमा पूर्व दिशाको महत्त्व दर्साइएको छ। पूर्वको उत्तर वा उत्तर पूर्वी कोणमा कुवा, धारा वा जलाशय निर्माण गर्नु पर्दछ भनिएको छ। पूर्व दिशामा सूर्य उदाउने भएकाले प्रातः कालको सूर्यको किरणमा ताप र प्रकाश धेरै हुन्छ। पानी रोगका कीटाणु रहित हुने भएकाले हामी प्रयोगकर्ता स्वस्थ्य बन्न सक्दछौँ।

वास्तुशास्त्रमा उत्तरतर्फ सिरान गरेर सुत्न निषेध गरिएको छ। विज्ञानका दृष्टिबाट हेर्दा यो मानव शरीर स्वयं एक चुम्बक हो। मानिसको टाउको उत्तरी ध्रुव हो। उत्तर दिशा शिर गरेर सुतियो भने पृथ्वीको उत्तरी ध्रुव र मानिसको उत्तरी ध्रुव दुवैले आफूतिर तान्ने प्रयास गर्दछन् जसका कारणले बिहान उठ्दा आलस्यको अनुभव र तनाव हुन्छ। यी विभिन्न कारणहरूबाट यस शास्त्रलाई वैज्ञानिक शास्त्र मान्न सकिन्छ। आवासका लागि होस् वा विश्वविद्यालय, विद्यालय, व्यापारिक प्रतिष्ठान चाहे जे होस् ती भवनहरू निर्माण गर्नका लागि भूमि आवश्यक वस्तु हो। त्यसैले भूमिको छनौट गर्नु वास्तुशास्त्रको प्रथम कार्य हो। जसरी राजहाँसले पानी र दुध छुट्याइदिन्छ त्यसरी नै वास्तुशास्त्रले शुभ र अशुभ भूमिको निर्धारण गर्दछ। भवन निर्माण गर्नुपूर्व शुभाशुभ भूमिको परीक्षण गरी त्यसमा भएका शल्यहरूको निष्काशन गर्नु र उपयुक्त दिशामा शुभमुहूर्तमा भवनको निर्माण गर्नुपर्दछ। भवन निर्माणपश्चात् गृहस्वामीलाई पर्न जाने प्रभावको विश्लेषण पनि वास्तुशास्त्रले गर्दछ, त्यसैले भवन निर्माण हेतु उपयुक्त भूमि छनौट गर्ने प्रक्रिया, भवन निर्माण गर्ने उपयुक्त मुहूर्त एवं निर्मित भवनबाट गृहस्वामीलाई पर्ने प्रभावको विषयमा यहाँ चर्चा गरिएको छ।

***समस्याकथन***

क) गृहनिर्माणमा भूमि छनौट र भूमि परीक्षण कसरी गरिन्छ ?

ख) गृहनिर्माण हेतु मुहूर्त निर्धारण गर्ने आधारहरू के के हुन् ?

**उद्देश्यहरू**

क) गृहनिर्माणमा शुभाशुभ भूमिको निर्धारण र भूमि परीक्षण गर्ने विधिको चर्चा गर्नु।

ख) गृहनिर्माण गर्दा मुहूर्त निर्धारण गर्ने आधारहरू प्रस्तुत गर्नु।

**सीमाङ्कन**

ज्योतिषशास्त्रको संहिता स्कन्धअन्तर्गत पर्ने वास्तुशास्त्रलाई निर्माणसँग सम्बन्धित शास्त्र मानिन्छ। मानवद्वारा निर्माण गरिने भवन, देवालय, बगैँचा, पोखरी, कुवा, तलाउ, पशुशाला, प्रतिष्ठा आदि वास्तुशास्त्रका क्षेत्रहरू भए तापनि प्रस्तुत लेख वास्तुशास्त्रअन्तर्गतको गृहनिर्माणका प्रारम्भिक प्रक्रियाहरूका सैद्धान्तिक र व्यावहारिक पक्षहरूसँग मात्र सम्बन्धित छ। यस लेखमा गृहनिर्माणको महत्त्व, भूमिको छनौट गर्ने प्रक्रिया, भूमिको परीक्षण र मुहूर्त निर्धारणको विश्लेषणमा मात्र केन्द्रित छ।

## शोधविधि

प्रस्तुत लेख वास्तुशास्त्रसँग सम्बन्धित संस्कृतका प्राचीन ग्रन्थहरू मत्स्यपुराण, बृहत्संहिता, मुहूर्त चिन्तामणि जस्ता प्राचीन ग्रन्थहरू र आधुनिक वास्तुशास्त्र सम्बद्ध पुस्तकहरूको अध्ययनमा आधारित छ। यसमा निगमनात्मक र वर्णनात्मक विधिको प्रयोगद्वारा विश्लेषण गरिएको छ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

## पूर्वकार्यको समीक्षा

प्रस्तुत लेख ज्योतिषशास्त्रअन्तर्गतको संहिता स्कन्धको वास्तुशास्त्रीय सिद्धान्तमा आधारित छ। कतिपय पुराणहरू, प्राचीन ग्रन्थहरू र संहिता ग्रन्थहरूमा वास्तुशास्त्रका विषयमा प्रशस्त चर्चा गरेको देखिन्छ। मत्स्यपुराणमा वास्तुशास्त्रका प्रवर्तकहरूको उल्लेखसँगै भवनहरू निर्माण गर्न आधारभूत शास्त्रीय विधिहरू उल्लेख गरी वास्तुशास्त्रको शास्त्रीय जग बसालेको देखिन्छ। रामनिहोर द्विवेदीले बृहद्वास्तुमालामा गृहस्थाश्रमको महत्त्व, गृहका प्रकारहरू र तिनबाट प्राप्त हुने पुण्यफलको चर्चा गरेका छन् । तिथि, वार, नक्षत्र र पक्षको शुभाशुभ फलको चर्चा पनि गरेका छन्। राम दैवज्ञ र नारायण दैवज्ञले आफ्ना पुस्तक मुहूर्त चिन्तामणि र मुहूर्त मार्तण्डमा गृहनिर्माण गर्ने मुहूर्तहरूको चर्चा गरेका छन्। यी ग्रन्थहरूमा सूर्य, चन्द्र र गुरुको बल एवं शुक्रको अस्तादि र नीच स्थितिले गृहनिर्माण मुहूर्तमा पार्ने प्रभावको चर्चा गरेका छन्। राजवल्लभमण्डनम् नामक पुस्तकमा भूमिको स्वाद, रङ्ग र गन्धको आधारमा गरिने भूमि परीक्षण र सूर्यको राशिका आधारमा गृहमुखको निर्धारण आदि व्यावहारिक नियमहरू उल्लेख छ । वराहमिहिरको बृहत्संहितामा वास्तुविद्या र भूमिको शल्यक्रिया गर्ने विधिको विस्तृत चर्चा गरेको छ । वास्तुशास्त्रमा स्थापत्यवेद भन्ने पुस्तकमा वास्तुशास्त्रका प्राचीन सिद्धान्तहरू कसरी वैज्ञानिक छन् भन्ने कुरा स्पष्ट पारिएको छ। शैलजा पाण्डेयको मनुष्यालय चन्द्रिका नामक पुस्तकमा जग्गा खरिद गर्नु पूर्व शुभ आवास कसरी छनौट गर्ने भन्ने विषयमा बृहत् चर्चा छ । मुहूर्त कल्पद्रूम, ज्योतिष तत्त्व प्रकाश जस्ता पुस्तकहरूमा पनि गृहनिर्माणसँग सम्बन्धित शास्त्रीय प्रमाणहरूको विस्तृत चर्चा गरिएको छ तर आधुनिक कालमा निर्माणकलामा महत्त्वका साथ किन वास्तुशास्त्रका सिद्धान्तहरूलाई अनुसरण गरिरहेका छन् त्यसको वैज्ञानिक कारण के छ भन्ने विषयमा यी पुस्तकहरूमा स्पष्ट रूपमा उल्लेख गरेको देखिँदैन । त्यसैले यस अनुसन्धानले वास्तुशास्त्रका सिद्धान्तहरूले आधुनिक युगमा मानिसलाई कस्तो प्रभाव पारेको छ भन्ने तथ्यहरूको अनुसन्धान गरेको छ।

## नतिजा र विमर्श

### गृहको महत्त्व

हिन्दूधर्ममा वर्णित चार आश्रममध्ये गृहस्थाश्रम महत्त्वपूर्ण मानिन्छ। यस आश्रममा सुख, धर्म, अर्थ एवं स्त्री र सन्तानको भोगका निम्ति घर आवश्यक मानिएको छ। वास्तुशास्त्र मानवको हित र कल्याणका निम्ति रचना भएको एक अनुभव सिद्ध शास्त्र हो, जसले मानिसलाई सधैँ सुखी, शान्त, ऐश्वर्यवान्, बलशाली, रोगमुक्त र क्लेश मुक्त बनाउन उपायहरूको खोजी गरिएको हुन्छ। यसमा भवन निर्माणको विशिष्ट स्थान छ। किनकि घरलाई गृहस्थ आश्रमको महत्त्वपूर्ण तत्त्व मानिन्छ। घरले सर्दी र गर्मीबाट बचाउने भएकाले यसलाई सुखस्थान पनि भनिन्छ। परिवारको सुखको स्थान, धर्म, अर्थ र कामको वृद्धि गराउने स्थान, पशुहरूलाई संरक्षण दिने स्थान भएकाले मानवका निम्ति घर अति आवश्यक मानिन्छ। विधिपूर्वक् गृहनिर्माण गर्ने गृहपतिले मन्दिर, कुवा, तलाउ आदि निर्माण गरेको पुण्यफल पनि प्राप्त गर्दछ तसर्थ मानिसले सर्वप्रथम गृहनिर्माण गर्नु पर्दछ भनी घरको महत्त्व प्रस्तुत गरेका छन्।[१] शास्त्रमा ४ प्रकारका घरहरूको वर्णन गरेको पाइन्छ। घाँसबाट निर्मित घरले करोड फल प्रदान गर्दछ। माटोद्वारा निर्मित घरले दश करोड फल प्रदान गर्दछ। इँटाद्वारा निर्मित घरले सय करोड फल र ढुङ्गाबाट निर्मित घरले अनन्त फल प्रदान गर्दछ भनेर चिरस्थिर घरको महत्त्व दर्साएका छन्।[२] तलाउ, कुवा, मन्दिर र घरको जिर्णोद्धार गर्ने व्यक्तिले पनि प्रशस्त पुण्य फल प्राप्त गर्दछ भनी वास्तुको संरक्षणका निम्ति समाजलाई प्रेरित गरेको देखिन्छ। आधुनिक समयमा ढुङ्गा र सिमेन्टले बनेका ठूला ठूला संरचनाहरू, पाटी पौवाको संरक्षणलाई यसकै प्रभाव मान्न सकिन्छ।[३]

---

[१] स्त्रीपुत्रादिकभोगसौख्यजननं धर्मार्थकामप्रदम् जन्तूनामयनं सुखास्पदमिवं शीताम्बुघर्मापहम्।
बापीदेवगृहादिपुण्यमखिलं गेहात्समुत्पद्यते गेहं पूर्वमुशन्ति तेन विबुधाःश्रीविश्वकर्मादयः ॥ श्लो ४, पृ २, बृहद्वास्तुमाला।

[२] कोटिघ्नं तृणजे पुण्यं मृण्म ये दशसङ्गुणम्। ऐष्टिके शतकोटिघ्नं शैलेऽनन्तं फलं गृहे ॥ श्लो ५, पृ २, बृहद्वास्तुमाला।

[३] वापी-कूप-तडागादि-प्रासाद-भवनानि च। जीर्णान्युद्धरते यस्तु पुण्यमष्टगुणं लभेत् ॥ श्लो ६ पृ २ बृहद्वास्तुमाला।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

**भूमिको छनौट**

***भूमिको दृष्टि, वर्ण, गन्ध, स्पर्श,श्रवण, आनन्दको अनुभूति र वृक्षहरूको स्थितिका आधारमा***

**शुभ भूमि :** घर निर्माण गर्नका निमित्त स्वच्छ, सफा, दक्षिण दिशामा जलाशय भएको, धेरै पानी भएको, घना वृक्षहरूले ढाकिएको, पूर्व दिशातर्फ ओरालो भएको, जडीबुटी, कुश आदि भएको, स्वादसहित स्वच्छ पानीको स्रोत भएको एवं चारकुना मिलेको भूमिलाई शुभ भूमि मानिन्छ । यज्ञशालाहरू, देवमन्दिर भएको, यथेष्ट फलफूलहरू प्राप्त हुने र वाहन सुख भएको भूमिमा घर निर्माण गर्न उपयुक्त मानिन्छ । सेतो वर्णको, मीठो स्वादको, स्नेहयुक्त अर्थात् चिप्लो भूमि वैमनस्य वा शत्रुले रहित भूमि मानिन्छ, त्यसैले यस्तो भूमि कल्याणकारी मानिन्छ । यस्तो भूमिमा सर्प र न्याउरीमुसा अथवा मुसा र बिरालो जस्ता विशेष शत्रुहरू पनि मिलेर बस्दछन् भन्ने कुरा शास्त्रमा उल्लेख गरेको देखिन्छ ।[४]

जुन ठाउँमा प्रशस्त औषधीहरू पाइन्छन् । जहाँ सुगन्धित हावा चल्छ । गर्मी याममा चिसो ठन्डीको महक होस् र जाडोमा गर्मी महसूस हुन्छ, वर्षायाममा चिसो र गर्मी दुवैको आभास होस् त्यस्तो जमिनलाई आचार्यहरूले राम्रो भूमि भनेका छन् जहाँ बस्दा सम्पूर्ण थकान हट्छ । मनलाई आनन्द हुन्छ । जुन ठाउँको जमिनको भित्रबाट वीणा, सितार, वेणु आदि वाद्यवादनको ध्वनि र हात्ती, घोडा, समुद्रको ध्वनि सुनिन्छ त्यस्तो भूमिलाई विद्वान्हरूले शुभ भनेका छन् । त्यस्तो भूमिमा निवास गर्दा लक्ष्मी प्रशन्न हुन्छिन् भन्ने मान्यता रहेको देखिन्छ ।

**अशुभ भूमि :** वृत्ताकार, अर्धचन्द्र सदृश, तीन, पाँच वा ६ कोण भएको, त्रिशूलको आकृति भएको, शूर्पाकार, मत्स्याकार, गजपीठाकार, कूर्माकार, गौमुखाकार भूमि अशुभ मानिन्छ । पक्षीहरूको बोसो, रगत, हाड, मज्जा, मल जस्ता पदार्थको गन्ध आउने भूमि अशुभ मानिन्छ । तेल एवम् शवको समान गन्ध आउने नुन र पसिना जस्तो स्वाद र गन्ध भएको भूमि पनि गृहनिर्माणका लागि अशुभ मानिन्छ । स्याल, उट, कुकुर एवम् गधाको जस्तो नराम्रो आवाज श्रवण हुन्छ त्यस्तो भूमि पनि अशुभ मानिन्छ । भाँडाकुँडा फुटेको जस्तो ध्वनि आउने भूमि पनि वस्न योग्य मानिँदैन । भूमिमा भस्म, कपाल, हड्डी, केश, विष, ढुङ्गा, मुसाको दुलो, सर्पको दुलो छ भने त्यस्तो प्रकारको भूमि पनि निवासका लागि उपयुक्त हुँदैन । सुक्खा, अन्नबाली उब्जाउ नहुने, गहिरो, फाटेको, अग्लो होचो, काँडा भएको, फलविहीन रूख भएको, हिंस्रक, पशुपक्षीले व्याप्त भएको, कीरा-माकुराहरू भएको एवं विदिशामा मुख भएको भूमिलाई अधम भूमि भनिन्छ । गृहनिर्माणका निम्ति यस्तो भूमि त्याज्य हुन्छ ।[५]

***राशिका आधारमा***

वास्तु शास्त्रले गृह स्वामी र गाउँको राशिको मेलापकद्वारा वासयोग्य वा अयोग्य स्थान भनी वासस्थानको निर्धारण गर्ने प्रक्रिया उल्लेख गरेको छ । सर्वप्रथम जब हामी जग्गा किन्ने भनेर तयारीमा हुन्छौँ, त्यसबेला कुन गाउँमा किन्ने भन्ने कुराको निर्णय गर्नु पर्दछ । त्यसैले त्यो गाउँमा आफू बस्न ठिक छ वा छैन त्यो कुराको विचार गर्नुपर्दछ । वास्तुशास्त्रमा यसरी राशिका आधारमा स्थान शुभ वा अशुभको निर्णय गरिएको पाइन्छ । जग्गा किन्ने व्यक्तिले आफ्नो नामको राशिबाट मिलाएर हेर्नु पर्दछ । यदि व्यक्तिको राशिबाट २,५,९ ,१०, ११ गाउँको राशि परेमा शुभ अर्थात् वासयोग्य मानिन्छ तर १,३,४,६,७,८,१२ राशि अशुभ मानिन्छ ।[६] जस्तै विष्णु नाम गरेको व्यक्तिको वृष

---

[४] स्वादे भवेद् या मधुरा सिंताभा चतुषु वर्णेषु मही प्रशस्ता । स्नेहान्विता बभ्रुभुजङ्गयोर्या सुहृद्वती चाखुबिडालयोर्वा ॥ परीक्षितायां भुवि विघ्नराजं समर्चयेच्चण्डिकया समेतम् । क्षेत्राधिपं चाष्टदिशाधिनाथान् संपुष्पधूपैः बलिभिः सुखाय ॥ श्लो १४, १५, अ १, राजवल्लभमण्डन ।

[५] वृत्तार्धेन्दुनिभा त्रिपञ्चरसकोणा शूलशर्पाकृति मर्त्स्यानेकपकूर्मपृष्ठकपिलावक्त्रोपमा मेदिनी । भस्माङ्गारतुषास्थिकेशचितिवलमीकादसभिः संयुता वर्ज्या मध्यनता सगर्भकुहरा विस्रा विदिक्थापि च ॥ श्लो १८, अ १, मनुष्यालयचन्द्रिका ।

[६] नामर्क्षाद् द्विसुताङ्कदिग्भवगतो ग्रामः शुभो नान्यथा । पृ १, गृहवास्तुप्रदीप ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

राशि हुन्छ सो व्यक्ति नारायणपुर भन्ने गाउँमा घर बनाउन चाहन्छ भने नारायणपुरको वृश्चिक राशि हुन्छ जुन नाम राशिबाट गाउँको राशि सातौँ पर्दछ अतः शत्रुभाव हुने भएकाले नारायणपुर विष्णुका निम्ति अयोग्य भूमि मानिन्छ। चेतनाको लागि विजयपुर गाउँ शुभ वा अशुभ विचार गर्दा चेतनाको मेष राशि विजयपुर वृषराशि हुन्छ। व्यक्तिको राशि मेषबाट गाउँको वृष राशि दोस्रो राशि भएकाले व्यक्तिबाट दोस्रो राशि शुभ मानिन्छ। अतः चेतनालाई विजयपुर बसोबास गर्न शुभ र सुखदायक हुन्छ। कुनै विद्वान्‌हरूले ग्रामराशि र गृहकर्ताको नाम-राशि यदि एउटै हुन्छ भने त्यो ग्राममा बस्नलाई शुभ मानेको देखिन्छ।[७]

***काकिणीका आधारमा***

गृह स्वामीलाई घर बनाएको ठाँउ लाभदायक छ कि छैन भन्ने कुराको निर्धारण काकिणीका माध्यमबाट पनि गर्न सकिन्छ। अक्षरहरूका वर्ग तालिका प्रयोग गरी यसको शुभाशुभको जानकारी प्राप्त हुन्छ। वर्गतालिका यस प्रकार रहेको छ। यसमा मुहूर्तमार्तण्डको पृ. १५८ को व्याख्यालाई आधार मानिएको छ।

**अक्षर वर्ग तालिका**

| क्रम सं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| वर्ग | अवर्ग | कवर्ग | चवर्ग | टवर्ग | तवर्ग | पवर्ग | यवर्ग | शवर्ग |
| नामाक्षर | अ आ इ ई उ ऊ ए ऐ ओ औ | क ख ग घ ङ | च छ ज झ ञ | ट ठ ड ढ ण | त थ द ध न | प फ ब भ म | य र ल व | श ष स ह |

व्यक्तिको नामको वर्गको सङ्ख्यालाई दुईले गुणा गरेर गाउँको वर्गको सङ्ख्या जोड्ने, ती जोडेर आएका अड्‌कहरूलाई ८ ले भाग गर्ने शेष सङ्ख्या व्यक्तिको काकिणी हुन्छ। त्यस्तै गाउँको वर्गको सङ्ख्यालाई २ ले गुणा गरी व्यक्तिको वर्गको सङ्ख्या जोडने अनि ८ ले भाग गर्ने शेष सङ्ख्या गाउँको काकिणी हुन्छ। यी दुई काकिणीमा जसको अङ्क बढी हुन्छ त्यसलाई लाभ हुन्छ। अर्थात् व्यक्तिको शेष सङ्ख्याभन्दा गाउँको बढी भएमा मात्र त्यस भूमिमा गृहनिर्माण वा बसोबास गर्नु उपयुक्त हुन्छ। यसको प्रयोग नोकरीमा, स्वामी र सेवकमा कुनै उद्योग धन्दाहरू सञ्चालन गर्नका निम्ति स्थान छनौट गर्न प्रयोग गर्न सकिन्छ।[८]

यस विषयमा मतान्तर पनि देखिन्छ। ज्योतिष तत्त्व प्रकाश र बृहद्वास्तुमाला जस्ता पुस्तकमा चाहिँ शेषाङ्क अधिक हुने ऋणी हुन्छ भनेर पनि उल्लेख गरेको देखिन्छ।[९] जस्तैः – सागर नाम गरेको व्यक्तिलाई विजयपुर भन्ने गाउँमा बस्दा शुभ छ वा छैन भन्ने विचार गरौं। यहाँ व्यक्तिको नाम सागर, श वर्ग सङ्ख्या ८, विजयपुर गाउँको वर्ग सङ्ख्या ७। जस्तै — व्यक्तिको काकिणी = (नामको वर्ग सङ्ख्या×२ )+ गाउँको वर्ग सङ्ख्या÷८

= (८×२) + ७ ÷८ = १६+ ७ ÷ = २३ ÷ ८ = ७ शेष

गाउँको काकिणी = (गाउँको वर्ग सङ्ख्या×२ ) + नामको वर्ग सङ्ख्या÷८

= (७×२) +८ ÷८ = १४+ ८ ÷८ = २२÷८ = ६ शेष

---

प्रथमे सप्तमे ग्रामे वैरं हानिस्त्रिषष्ठगे। तुर्याष्टद्वादशे रोगः शेषस्थाने शुभं भवेत्। पृ १, गृहवास्तुप्रदीप।

[७] स्वनाम्नस्तु राशेश्च यश्चैव राशिस्तदाद्वीपुरत्नेशदिक्सम्मितश्च।
स वै शोभनो ग्राम नान्यः शुभश्च प्रकुर्याद् गृहं यत्पुरे सत्फलं च॥ पृ १, गृहवास्तुप्रदीप।

[८] अष्टावप्रमुखाःस्वपंचमपरा द्विघ्नः स्ववर्गोऽन्ययुक्।
तष्टः काकिणिका गजैर्मिथ इमा यस्याधिकाः सोऽर्थदः। श्लो २, प्र ६, मुहूर्त मार्तण्ड।

[९] स्ववर्गं द्विगुणीकृत्य परवर्गेण संयुतम्। अष्टभिस्तु हरेद्भागं योऽधिकः स ऋणी भवेत्।श्लो ७६ , अ ६, ज्योतिषतत्त्वप्रकाश
स्ववर्गं द्विगुणं कृत्वा परवर्गेण योजयेत् । अष्टभिस्तु हरेद्भागं योऽधिकः स ऋणी भवेत्॥ श्लो १८ , पृ ५, बृहद्वास्तुमाला।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

यहाँ गाउँको काकिणी भन्दा नामको काकिणी अधिक भएकाले सागर नामक व्यक्तिको लागि विजयपुर गाउँमा बस्न लाभदायक हुन्छ ।

***भूमिको आन्तरिक शल्यक्रिया वा परीक्षण***

भूमिमा घर बनाउनुभन्दा पहिले जमिनको आन्तरिक शल्यक्रिया गर्नु पर्दछ । शल्यक्रिया गराउनु भनेको जमिनको तल गर्भमा रहेका दूषित पदार्थहरूलाई गर्भबाट बाहिर निकाल्नु हो । मनुष्यको कपाल, मनुष्यको हड्डी, गाईको, कुकुरको, गिद्धको अथवा कुनै जनावरको हड्डी आदिलाई दूषित पदार्थहरू भनिन्छन् । यस्ता पदार्थ गर्भमै भइरहे भने भवन निर्माणपश्चात् घरमा रोग, भय, पीडा, दुख, स्त्री, पुत्र, यश, धननाश भई गृहस्वामीलाई अनेक प्रकारका कष्टहरू आउँछन् भन्ने मान्यता वास्तुशास्त्रको रहेको देखिन्छ । तसर्थ जमिनको गर्भमा भएका त्यस्ता पदार्थलाई शल्य भनिन्छ । जमिनको गर्भमा भएको सो शल्य निकाल्ने विषयमा पुस्तकहरूमा अनेक विधिहरू पाइन्छन् । तीमध्ये एक विधि यहाँ उद्धृत गरिएको छ । जमिनको जुन स्थानमा शल्य छ भन्ने थाहा हुन्छ त्यस स्थानमा गृहस्वामी अथवा गृहस्वामिनीको लम्बाइ बराबर गहिरो खाडल खनी त्यसबाट निस्किएको माटोलाई कहीं प्रयोग नगरी जमिनभन्दा पर फाल्न लगाई खाडललाई शुद्ध नयाँ माटोले पुर्न लाउनुपर्दछ । बारम्बार हलोले जोत्नुपर्छ वा गाईहरूलाई उक्त जमिनमा एक महिनासम्म राख्नुपर्छ । जमिनको १० फिटभन्दा तल शल्य छ भने त्यसको कुनै दोष हुँदैन । अतः भवन निर्माण गर्नुभन्दा अगावै जमिनको शल्यक्रिया गराउनु आवश्यक हुन्छ ।

**गृहारम्भमुहूर्त**

कुनै पनि शुभकार्य गर्नका लागि महिना, पक्ष, तिथि, बार, नक्षत्र, करण र ग्रहहरूको अनुकूल परिस्थितिको निर्धारणलाई मुहूर्त भनिन्छ । गृहनिर्माणका लागि शुभ बेलाको निर्धारण गर्नुलाई गृहारम्भमुहूर्त भनिन्छ । शुभफलदायक भूमिमा दिनमा भूमि परीक्षा गरी वास्तु-पूजनपश्चात् जबसम्म पत्थर वा जल युक्त भूमि देखिँदैन तबसम्म भूमि उत्खनन गरी भूमिशोधन गर्नु पर्दछ । तत्पश्चात् लग्नबल, चन्द्रबल, शकुनबल एवं शुभ दिन र शुभ मुहूर्तमा बुद्धिमान् व्यक्तिले भवन निर्माण हेतु शिलान्यास गर्नु नै गृहारम्भ मुहूर्त हो ।[१०] गृहनिर्माण पूर्व नै गृहस्वामीको जन्मराशिबाट गोचर विचार गरी सूर्य, चन्द्र, बृहस्पति र शुक्र ग्रहहरू बलवान् भएका अवस्थामा गृहनिर्माण गर्दा गृहसुख प्राप्ति हुन्छ । त्यसैले गोचरमा सूर्य शत्रुराशि अर्थात् वृष, तुला, मकर र कुम्भ राशिमा ४, ८ र १२ भावमा नीचराशिमा भएमा बलहीन अवस्था मानिन्छ । यस्तो अवस्थामा गृहारम्भ भयो भने गृहस्वामीको मृत्यु हुनसक्छ । त्यस्तै चन्द्रमा गोचरमा अस्त र नीचराशिमा भएको अवस्थालाई निर्बल मानिन्छ यस्तो अवस्थामा चन्द्रमा रहँदा गृहारम्भ भयो भने गृहलक्ष्मीको मृत्यु हुनसक्दछ । त्यस्तै बृहस्पति गोचरमा अस्त शत्रुराशि अर्थात् मिथुन, कन्या, वृष र तुला राशिमा ८ र १२ भावमा नीचराशिमा मकरमा भएको अवस्थालाई निर्बल मानिन्छ यस्तो अवस्थामा बृहस्पति रहँदा गृहारम्भ गरियो भने पुत्रको मृत्यु हुनसक्दछ । त्यस्तैगरी शुक्र गोचरमा अस्त भएको समयमा, शत्रुराशि सिंह र कर्कटमा अर्थात् ६, ८ र १२ भावमा नीचराशिमा कन्यामा भएको अवस्थालाई निर्बल मानिन्छ र यस्तो अवस्थामा शुक्र रहँदा गृहारम्भ भयो भने धनको नाश हुनसक्दछ । त्यसैले माथि उल्लेखित चार ग्रहहरू बलवान् भएका अवस्थामा मात्र गृहारम्भ गर्नु उचित हुन्छ ।[११]

***सूर्य राशिअनुसार गृहमुख निर्धारण***

[१०] आदौ भूमिपरीक्षणं शुभदिने पश्चाच्च वास्त्वार्चनम् । भूमेः शोधनकं ततोऽपि विधिवत् पाषाणतोयान्तकम् ।
पश्चाद् वेश्मसुरालयादिरचना पादस्य संस्थापनम् ।
कार्यं लग्नशशाङ्कशाकुनबलैः श्रेष्ठे दिने धीमता ॥ श्लो १४ पृ २ राजवल्लभमण्डनम् ।

[११] गुहेशतत्स्त्री सुखवित्तनाशोऽर्केन्द्वीज्यशुक्रे विबलेऽस्तनीचे ।
कर्त्तुः स्थितिर्नो विधुवास्तुनोर्भे पुरःस्थिते पृष्ठगते खनिः स्यात् ॥ श्लो ६, अ१२, मुहूर्तचिन्तामणि ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

यदि सूर्य सिंह, कर्कट, मकर र कुम्भ राशिमा स्थित छ भने घरको मुख पूर्व वा पश्चिम बनाउनु पर्दछ । सूर्य तुला, मेष, वृश्चिक एवं वृषमा रहेको अवस्थामा गृहको मुख्य द्वार दक्षिण वा उत्तर दिशामा बनाउनु पर्दछ । यदि सूर्य कन्या, मीन, धनु र मिथुन राशिमा छ भने गृहनिर्माण गर्नु हुँदैन ।[१२]

***मासको निर्धारण***

शुभाशुभ मासका आधारमा गृहादि सुख निर्धारित भएका हुन्छन् । यदि शास्त्रमा उल्लेख गरिएका शुभमासहरूमा गृहारम्भ गरिएको छ भने सो घरमा वसोवास गर्ने मानिसहरूमा सुख प्राप्ति हुन्छ भने अशुभ भनी निषेध गरिएमा मासहरूमा गृहारम्भ गरिएको छ भने सो घरमा वसोवास गर्ने मानिसहरूलाई दुःख हुन्छ । चैत्र महिना (मार्च-अप्रिल) मा भवनको कार्य आरम्भ गर्दा घरस्वामीलाई, शोक, रोग, तनाव, पराजय जस्ता अशुभ फल प्राप्ति हुन्छ । वैशाख महिना (अप्रिल-मे) मा भवनको कार्य आरम्भ गरेमा धनप्राप्ति हुन्छ । ज्येष्ठ महिना (मे-जुन) मा गृहस्वामीमाथि विपत्ति आएछ वा मृत्युतुल्य कष्ट हुन्छ । आषाढ महिना (जुन-जुलाई) मा पशु नष्ट, तथा वाहनादि विनाशको सम्भावना हुन्छ । श्रावण महिना (जुलाई-अगस्ट) मा परिवारको कल्याण एवं वृद्धि हुन्छ । मित्रबाट लाभ मिल्छ । भाद्र महिना (अगस्त-सेप्टेम्बर) मा कष्ट तथा बिरामी भई घरमा बास गर्न पाइँदैन । आश्विन महिना (सेप्टेम्बर-अक्टोबर) मा लडाइँ-झगडा हुन्छ । कलह हुन्छ । सम्बन्धविच्छेद हुन्छ । कार्तिक महिना (अक्टोबर-नोभेम्बरमा) नोकर नष्ट हुन्छ । धनधान्यमा वृद्धि हुन्छ । घरधनीले कष्ट सहनुपर्छ । मार्ग महिना (नोभेम्बर-डिसेम्बरमा) धन प्राप्ति हुन्छ । उन्नति, सम्पन्नता र सुख हुन्छ । पौष महिनामा (डिसेम्बर-जनवरीमा) विपुल सम्पदा धनधान्य प्राप्त हुन्छ । चोरीको भय रहन्छ । माघ महिना (जनवरी-फेब्रुअरीमा) सधैँ अग्निभय तर अनेक प्रकारको लाभ हुन्छ । फाल्गुन महिना (फेब्रुअरी-मार्चमा) श्री प्राप्ति हुन्छ । अनवरत लाभ र पुत्र प्राप्ति पनि हुन्छ ।[१३]

***तिथिमेलापकः***

गृहनिर्माण गर्नु पूर्व तिथिलाई विचार गर्नु पर्दछ । शास्त्रमा गृहारम्भमा निषेध गरिएका तिथिहरूमा घर बनाउन प्रारम्भ गर्नु हुँदैन । प्रतिपदामा दारिद्रयकारक, चतुर्थीमा धनहानि, अष्टममीमा उच्चाटन, नवमीमा शस्त्रघात, अमावस्यामा राजभय तथा चतुर्दशीमा स्त्री-विनाश हुन्छ भनी शास्त्रमा उल्लेख भएकाले ती तिथिहरूमा गृहारम्भ गर्नु अशुभ मानिन्छन् ।[१४] द्वितीया, पञ्चमी, तृतीया, षष्ठी, सप्तमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी, पूर्णिमा यी तिथिहरू गृहारम्भमा शुभफलदायक हुन्छन् ।

***पक्षमेलापक***

शुक्लपक्षमा गृहारम्भ गर्दा सबै प्रकारका सुख प्राप्ति हुने र कृष्ण पक्षमा चोरको भय हुने भएकाले महर्षि वशिष्ठका मतमा गुरुशुक्रको उदय र शुक्लपक्षमा दिवाकालमा गृहारम्भ गर्दा गृहसुख प्राप्ति हुने र रात्रिकाल निषिद्ध भएको कुरा उल्लेख गरेका छन् ।[१५]

---

[१२] आदित्ये हरिकर्कनक्रघटगे पूर्वापरास्यं गृहम् ।कर्तव्यं तुलमेषवृश्चिकवृषे याम्योत्तरास्यं तथा ।
द्वारं भिन्नतया करोति कुमती रोगोऽर्थनाशस्तदा
कन्यामीनधनुर्गते मिथुनगे चास्मिन्न कार्यं गृहम् ॥८॥ श्लो ९, अ १, राजवल्लभमण्डनम् ।

[१३] चैत्रे शोककरं गृहादिरचितं स्यान्माधवेऽर्थप्रदं । ज्येष्ठे मृत्युकरं शुचौ पशुहरं तद् वृद्धिदं श्रावणे
शून्यं भाद्रपदेऽश्विने कलिकरं भृत्यक्षयं कार्तिके
धान्यं मार्गसंहस्ययोर्दहनभीर्माघे श्रियः फाल्गुने ॥७॥ श्लो ७, ८, अ १, राजवल्लभमण्डनम् ।

[१४] दारिद्रयं प्रतिपत् कुर्याच्चतुर्थी धनहारिणी । अष्टम्युच्चाटनी ज्ञेया नवमी शस्त्रघातिनी ॥
अमायां राजभीतिः स्याच्चतुर्दश्यां स्त्रियः क्षयः। एवं निषिद्धतिथयो गृहारम्भे प्रकीतिताः॥श्लो६७, ६८, बृहद्वास्तुमाला

[१५] वसिष्ठमते पक्षशुद्धिः शुक्लपक्षे भवेत्सौख्यं कृष्णे तस्करतो भयम् । गृहनिर्माणकार्येषु पक्षशुद्धि विचिन्तयेत् ॥
गीर्वाणपूर्वगीर्वाणमन्त्रिणोदृश्यमानयो रात्रिषु । शुक्लपक्षे दिवाकार्यं न निर्माणञ्च रात्रिषु ॥ श्लो ६५, ६६, बृहद्वास्तुमाला

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

***बार मेलापक***

सामान्यतया आइतवार र मङ्गलबार पाप ग्रहका बारहरू भएकाले गृहारम्भमा आइतबार र मङ्गलबारलाई निषेध गरिएको छ। महर्षि भृगुका मतमा सोमबार पनि वर्जित छ। लोक व्यवहारमा कृष्णपक्षको सोमबारलाई निषेध गरेको पाइन्छ। बुध, गुरु र शुक्रबारहरू शुभ मानिन्छन्।[१६]

***रविवारादिमा गृहनिर्माणको फल***

हिन्दू वास्तुशास्त्र तथा ज्योतिषशास्त्र अनुसार नयाँ घर निर्माण (गृह आरम्भ) गर्दा बार र पक्षको छनोटलाई विशेष महत्त्व दिइन्छ। यस मान्यताअनुसार आइतबार (आदित्यबार) र मङ्गलबार गृह आरम्भ गर्दा क्रमशः अग्निभय (आगोको जोखिम), मृत्युभय र विभिन्न कुप्रभावहरू सामना गर्नुपर्ने हुनसक्छ। त्यसैगरी, शनिबारलाई पनि अनेक प्रकारका दुर्गुण, दुःख र चिन्ता बढाउने बारका रूपमा लिइँदै गृह आरम्भका लागि अशुभ मानिएको छ। सोमबारको हकमा भने पक्षको ठूलो भूमिका रहन्छ; शुक्लपक्षको सोमबार घर बनाउन सुरु गरेमा सबै प्रकारको सम्पन्नता र सुख मिल्छ भने कृष्णपक्षको सोमबार गृह आरम्भ गर्नु वर्जित मानिएको छ। अर्कोतर्फ, बुधबार गृह आरम्भ गर्दा परिवारको कल्याण, सम्पन्नता र धन प्राप्ति हुन्छ। बृहस्पतिबार (बिहीबार) घरको जग बसाल्दा सन्तानद्वारा यश प्राप्ति हुनुका साथै दीर्घायु र सुख मिल्ने विश्वास गरिन्छ भने शुक्रबार कार्य थालनी गर्दा सत्कार्य र मानसिक सुख-शान्ति प्राप्त हुने गर्दछ।

***नक्षत्र विचार***

गृहारम्भका निम्ति अनुकूल नक्षत्रहरूका विषयमा आचार्यहरूको भिन्नभिन्न मत देखिन्छ। तथापि चित्रा, अनुराधा, मृगशिरा, रेवती, पुष्य, उत्तराषाढा, उत्तराफाल्गुनी, उत्तराभाद्रपदा, रोहिणी, धनिष्ठा र शतभिषा नक्षत्रहरू गृहारम्भमा शुभ मानिन्छन्। महर्षि पाराशरको मतमा - माथि उल्लेखित नक्षत्रहरूमा थप स्वाती, हस्ता, पुनर्वसु, रेवती, मूल, श्रवण, अश्विनी र अनुराधा नक्षत्र गृहारम्भका लागि लक्ष्मीप्रदायक हुन्छन् भनी उल्लेख गरेका छन्।[१७]

***योग र करणको विचार***

गृहारम्भमा विष्कुम्भ, व्यतिपात, वैधृति, शूल, गण्ड, परिघ, व्याघात एवं वज्र योगहरू अशुभ मानिएका छन् भने करणमा बालव, कौलव, वणिज, विष्टी, शकुनी चतुष्पद र किम्तुघ्न करणहरू अशुभ मानिएका छन्।[१८]

## निष्कर्ष

हिन्दूधर्मको आद्य ग्रन्थ वेदलाई ज्ञानको सागर मानिन्छ। देवपूजन, प्रकृति पूजन, विज्ञान र कलाको सर्वोच्च सम्मान हिन्दू संस्कृतिमा पाइन्छ। हिन्दू धर्ममा वर्णित चार आश्रममध्ये गृहस्थाश्रमको विशेष महत्त्व छ। यस

[१६] भौमार्करिक्तामाद्यूने चरोनेङ्गे विपञ्चके:। व्यष्टान्त्यस्थैः शुभैर्गेहारम्भत्र्यायारिगैः खलैः ॥ अ १२, मुहूर्तचिन्तामणि।
निन्द्यौ भूसुतभास्करौ च शुभदा पूर्णा च नन्दा तिथि। श्लो १५, पृ १६४, राजवल्लभमण्डनम्।
रिक्ताष्टमीव्रर्शरवीन्दुभौमा विवर्जनीया विदुषा प्रयत्नात्।
चित्रानुराधामृगरेवतीषु स्वातौ च तिष्ये च तथोत्तरासु ॥ ब्राह्मे धनिष्ठाशततारकासु गेहादिकारम्भणमामनन्ति।
श्रीभार्गवस्यात्र मुनेर्मतेन प्रोक्ताविशुद्धास्तिथयोऽथ वाराः।। श्लो ६९, ७०, पृ ७३ बृहद्वास्तुमाला।

[१७] चित्राशतभिषक्स्वाती हस्तः पुष्यः पुनर्वसुः। रोहिणी रेवतीमूल-श्रवणोत्तर फाल्गुनी ॥
धनिष्ठा चोत्तराषाढा तथा भाद्रोत्तरान्विता।अश्विनीमृगशीर्षेद्वे अनुराधा तथैव च ॥
वास्तुपूजनमेतेषु नक्षत्रेषु करोति यः। समाप्नोति नरो लक्ष्मीमिति प्राह पराशरः ॥ श्लो ७१,७२, पृ ७३ , बृहद्वास्तुमाला।
'बास्तोः कर्मणि धिष्ण्यवारतिथयोऽश्विन्युत्तरा रेवती
हस्तादित्रयमैत्रंतोयवसुधे पुष्यो मृगो रोहिणी। श्लो १५,पृ १६४, राजवल्लभमण्डनम्।

[१८] नेष्टा वैधृतिशूलगण्डपरिघा व्याघातवज्रावपि ॥ 'विष्कुम्भव्यतिपातकौ च न शुभौ योगाः परे शोभनाः
शस्तं नागबवाह्वतैतिलगरं युग्मां तिथिं वर्जयेत्। श्लो १५,पृ १६४, राजवल्लभमण्डनम्।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

आश्रमका निम्ति गृह अपरिहार्य मानिन्छ। वास्तु शब्दले वासयोग्य स्थानको अस्तित्वलाई बुझाउँछ। देवता, राक्षस, जनावर, चरा, किरा आदिको वासयोग्य भूमिलाई नै वास्तु हो। वासयोग्य स्थल अर्थात् भवन, देवालय, बगैँचा, पोखरी, कुवा, तलाउ, पशुशाला, प्रतिष्ठा आदिको निर्माण प्रकियासँगसम्बन्धी अध्ययन गर्ने शास्त्रलाई वास्तुशास्त्र भनिन्छ। यसमा भवन निर्माणको विशिष्ट स्थान छ। घरले सर्दी हावा र गर्मीबाट बचाउने भएकाले यसलाई सुखस्थान पनि भनिन्छ। यसले धर्म, अर्थ र कामको वृद्धि गराउने, पशुहरूलाई संरक्षण दिने भएकाले मानवका निम्ति अति आवश्यक मानिन्छ।

विधिपूर्वक् घर निर्माण गर्ने गृहपतिले मन्दिर, कुवा, तलाउ आदि निर्माण गरेको पुण्यफल पनि प्राप्त गर्दछ तसर्थ मानिसले सर्वप्रथम गृहनिर्माण गर्नु पर्दछ भनी शास्त्रमा घरको महत्व प्रस्तुत गर्दै ४ प्रकारका घरहरूको वर्णन गरेको पाइन्छ। घाँसबाट निर्मित घरले करोड फल प्रदान गर्दछ। माटोद्वारा निर्मित घरले दशकरोड, ईटाद्वारा निर्मित घरले सय करोड र ढुङ्गाबाट निर्मित घरले अनन्त फल प्रदान गर्दछ भनी शास्त्रले दृढ घरको महत्त्व दर्शाएको छ। गृहनिर्माण गर्दा सर्वप्रथम भूमिको छनौट आवश्यक मानिन्छ। स्थान अवलोकन गर्दा शुभ गुणहरूले युक्त भूमि बासयोग्य हुन्छ भने अशुभ गुणले युक्त भूमि गृहनिर्माणका निम्ति अयोग्य मानिन्छ। चारपाटे, स्वच्छ, सफा, दक्षिण दिशामा जलाशय भएको, धेरै पानी भएको, घना वृक्षहरूले ढाकिएको, पूर्व दिशातर्फ ओरालो भएको, जडीबुटी, कुश आदि भएको स्वादसहित स्वच्छ पानीको स्रोत भएको, भूमिलाई शुभ भूमि भनिन्छ। यज्ञशालाहरू, देवमन्दिर भएको, यथेष्ट फलफूलहरू प्राप्त हुने र वाहन सुख भएको भूमिमा मुसा र बिरालो जस्ता शत्रुभाव भएका जनावर पनि मिलेर बस्न सक्दछन् भनी शुभभूमिको विशेषता उल्लेख गरिएको छ।

बोसो, रगत, हाड, मल र शव जस्ता पदार्थको गन्ध आउने भूमि अशुभ मानिन्छ। नुन र पसिना जस्तो स्वाद भएको भूमि स्याल, उँट, कुकुर एवम् गधाको आवाज र भाँडाकुँडा फुटेको जस्तो ध्वनि जस्तो नराम्रो आवाज श्रवण हुने भूमि अशुभ मानिन्छ। भस्म, कपाल, हड्डी, केश, विष, ढुङ्गा, मुसाको दुलो, सर्पको दुलो भएको भूमि निवासका लागि उपयुक्त हुँदैन। सुक्खा, अन्नबाली उब्जाउ नहुने, गहिरो, फाटेको, अग्लो होचो, काँडा भएको, फलविहीन रूख भएको, हिंस्रक, पशुपक्षीले व्याप्त भएको, कीरा-माकुराहरू भएको भूमिलाई अधम भूमि भनिन्छ। यसबाहेक राशिका आधारमा पनि भूमि छनौट गर्न सकिन्छ। गृह स्वामी र गाउँको राशिको मेलापकद्वारा वासयोग्य वा अयोग्य स्थान भनी वासस्थानको निर्धारण गर्ने प्रक्रियाअन्तर्गत व्यक्तिको राशिबाट २,५,९ ,१०, ११ गाउँको राशि परेमा शुभ अर्थात् वासयोग्य मानिन्छ तर १,३,४,६,७,८,१२ राशि अशुभ मानिन्छ। काकिणी विचारलाई पनि भूमि छनौट गर्ने अर्को आधार मान्न सकिन्छ। यसबाट गृहस्वामीलाई घर बनाएको ठाउँ लाभदायक छ कि छैन भन्ने कुराको निर्धारण गरिन्छ। मानिसको कपाल, हड्डी वा कुनै जनावरहरूको हड्डी आदि दूषित पदार्थहरूलाई शल्य भनिन्छ। यी पदार्थहरू घरको गर्भभित्र रहे भने भवन निर्माणपश्चात् घरमा रोग, भय, पीडा, दुख, स्त्री, पुत्र, यश, धननाश भई गृहस्वामीलाई अनेक प्रकारका कष्टहरू आउँछन्। त्यसैले जमिनको गर्भमा भएका त्यस्ता पदार्थलाई घर बनाउनुभन्दा पूर्व निर्माण स्थलबाट बाहिर निकाल्नु पर्दछ। गर्भमा रहेका त्यस्ता दूषित पदार्थहरूलाई गर्भबाट बाहिर निकाल्नुलाई जमिनको आन्तरिक शल्यक्रिया भनिन्छ। शुभफलदायक भूमिमा दिनमा भूमि परीक्षा गरी वास्तु-पूजनपश्चात् जबसम्म पत्थर वा जलयुक्त भूमि देखिँदैन तबसम्म भूमि उत्खनन पश्चात् भूमिशोधन गरी लग्नबल, चन्द्रबल, शकुनबल र शुभ दिन हेरेर भवन निर्माण हेतु शिलान्यास गर्नुलाई गृहारम्भ भनिन्छ। गृहनिर्माणका लागि महिना, पक्ष, तिथि, बार, नक्षत्र, योग, करण र ग्रहहरूको अनुकूल परिस्थिति हेरी शुभसमयको निर्धारण गर्नुलाई गृहारम्भ मुहूर्त भनिन्छ।

गृहनिर्माण पूर्व नै गृहस्वामीको जन्मराशिबाट गोचर विचार गरी सूर्य, चन्द्र, बृहस्पति, र शुक्र ग्रहहरू बलवान् भएका अवस्थामा गृहनिर्माण गर्दा गृहसुख प्राप्ति हुन्छ। त्यसैले गोचरमा सूर्य शत्रुराशि अर्थात् वृष, तुला, मकर र कुम्भ राशिमा ४, ८ र १२ भावमा नीचराशिमा भएमा बलहीन अवस्थामा गृहारम्भ गरियो भने गृहस्वामीलाई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

कष्ट हुन्छ । त्यस्तै गोचरमा अस्त र नीचराशिमा भएको चन्द्रमा निर्बल मानिन्छ । चन्द्रमाको यस्तो अवस्थामा गृहारम्भ भएमा गृहलक्ष्मीको मृत्यु हुनसक्दछ । गृहारम्भका महिनाहरूले गृहादि सुख निर्धारित हुने हुँदा वैशाख, श्रावण, कार्तिक मंसिर माघ र फागुन महिनामा गृहारम्भ गर्दा सुख शान्ति ऐश्वर्य प्राप्ति र लाभ हुन्छन् भने अन्य महिनाहरू कष्टदायक हुन्छन् । शुक्लपक्षमा गृहारम्भ गर्दा सबै प्रकारका सुख प्राप्ति हुन्छन् भने कृष्ण पक्षमा चोरको भय हुन्छ । गुरुशुक्रको उदयकालमा शुक्लपक्षमा दिवाकालमा गृहारम्भ गर्दा गृहसुख प्राप्ति हुन्छ भने रात्रिकाल निषिद्ध मानिएको छ । प्रतिपदा दारिद्रयकारक, चतुर्थी धनहान ी, अष्टमी उच्चाटन, नवमी शस्त्रघात, अमावस्य राजभय तथा चतुर्दशी स्त्री-विनाशका कारक हुन्छन् भने द्वितीया, पञ्चमी, तृतीया, षष्ठी, सप्तमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी, पूर्णिमा तिथिहरू गृहारम्भमा शुभ हुन्छन् । गृहारम्भमा आइतबार र मङ्गलबारलाई निषेध गरिएको छ । महर्षि भृगुका मतमा सोमबार पनि वर्जित छ । लोक व्यवहारमा कृष्णपक्षको सोमबारलाई निषिद्ध मानिन्छ । अन्य बारहरू शुभ हुन्छन् ।

सामान्यतया चित्रा, अनुराधा, मृगशिरा, रेवती, पुष्य, उत्तराषाढा, उत्तराफाल्गुनी, उत्तराभाद्रपदा, रोहिणी, धनिष्ठा र शतभिषा नक्षत्रहरू गृहारम्भमा शुभ मानिन्छन् । विष्कुम्भ, व्यतिपात, वैधृति, शूल, गण्ड, परिघ, व्याघात र वज्र यी आठ योगहरू गृहारम्भमा अशुभ हुन्छन् भने अन्य योगहरू शुभ हुन्छन् । बालव, कौलव, वणिज, विष्टी, शकुनी, चतुष्पद र किम्तुघ्न करणहरू अशुभ हुन्छन् भने बब, तैतिल, गर, वणिज र नागलाई शुभ मानिन्छ । लग्नबल, सूर्यबल, चन्द्रबल, बृहस्पति, शुक्र र शकुनबल समेत भएको समयमा शुक्लपक्षमा गृहारम्भ गर्दा गृहमा बस्ने मानिसहरूलाई सबै प्रकारका सुखप्राप्ति हुन्छन् ।

**सन्दर्भग्रन्थसूची**

कन्याल, लक्ष्मीकान्त (१९७६), *ज्योतिषतत्त्वप्रकाश,* मोतीलाल वाराणसीदास ।
झा, सुरकान्त (२०११), *भारतीयज्योतिषविज्ञानम्*, चौखम्बा कृष्णदास अकादमी ।
ठाकुर, बाबुलाल ज्योतिषाचार्य (१९८२), *सवित्र ज्योतिष शिक्षा*, मोतीलाल वाराणसीदास ।
द्विवेदी, रामनिहोर (१९९८), *बृहद्वास्तुमाला,* चौखम्बा विद्याभवन ।
नारायण, दैवज्ञ (१९९७), *मुहुर्तमार्तण्ड*, कृष्णदास एकेडेमी ।
नेपाल, अच्युत प्रसाद (वि सं२०६२), *स्थापत्य वेदमा वास्तुशास्त्र*, श्रीमती विनिता नेपाल ।
पाण्डेय, शैलजा (२०१०), *गृहवास्तुप्रदीप,* चौखम्बा सुरभारती प्रकाशन ।
पाण्डेय, शैलजा (२०१६), *मनुष्यालयचन्द्रिका,* चौखम्बा सुरभारती प्रकाशन ।
मण्डन, श्रीसूत्रधार (२०२०), *राजवल्लभ मण्डनम्,* चौखम्बा सुरभारती प्रकाशन ।
राम, दैवज्ञ (२०२०), *मुहुर्तचिन्तामणि*, चौखम्बा सुरभारती प्रकाशन ।
वराहमिहिर (२०००), *बृहत्संहिता,* चौखम्बा सुरभारतीप्र काशनम् ।
वार्षिकशोधपत्रिका (२०२०), *ज्योतिषामृतम्,* श्रीसदाशिव परिसरः ।
श्रीमद्रामदीन, दैवज्ञ (२०२३), *बृहद्दैवज्ञरञ्जनम्*, मोतीलाल वनारसीदासः ।
श्रीमद्द्वैपायनमुनि (२०२४), *मत्स्यपुराणम् उत्तरभाग*, चौखम्बा संस्कृत सरिजि ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*